# भगवानपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भगवानपुर, सिरहा

मधेश प्रदेश, नेपाल

### क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट मोटरसाईकल खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हनको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।०५।२८ गते

यस कार्यालयको आ.ब.२०७९।०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको मोटरसाईकल सार्वजानिक खरिद ऐन (२०६३ पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १ क ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन) को नियम ३१ (ख) बमोजिम **त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागि अधिकारीक बिक्रेताहरु** बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलक सपिङ्ग) विधिबाट खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादकको अधिकारीक स्पेशिफिकेशन (क्याटलक वा ब्रोसर) गुणस्तर र कम्पनीको अधिकारी मुल्य खुल्ने कागजात संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनु हुन सम्वन्धित उत्पादक वा अधिकारीक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सवारी साधनको स्वीकृत विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ। कार्यालयबाट स्वीकृत स्पेशिफिकेशन Offered Specification Column मा आफ्नो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा माग गरिएका अरु थप विवरण अनिवार्य भरेर सहीछाप गरी शिलबन्दीका साथ पेश गर्नु पर्नेछ।

२ उक्त कागजात लिनका लागि इच्छुक उत्पादक कम्पनी वा सो को नेपालका लागि अधिकारीक बिक्रेताले उक्त मोटरसाईकल बिक्री गर्न नेपाल सरकारको सम्बन्धीत निकायबाट प्राप्त भएको अनुमति पत्र वा सो को अध्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नं. (PAN) तथा मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब.२०७७।०७८ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरण सम्बन्धीत कार्य अनुभवको प्रमाण पत्र सहितका कागजात सहित यस कार्यालयमा उपस्थित हुनु पर्नेछ। **साथै नेपालको अधिकारीक बिक्रेताको हकमा उत्पादक कम्पनीको Authorization पत्र (Manufacturer Authorization Latter) तथा मोटरसाईकलको अधिकतम बिक्री मूल्य (MRP)** खुलेको कागजात अनिवार्य रुपामा पेश गर्नु पर्नेछ।

३. यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन १५:३० बजेसम्म यस कार्यालयमा छुट्टाछुट्टै शिलबन्दी प्रस्ताव दर्ता गराउन सकिनेछ तथा दर्ता गरिएका शिलबन्दी प्रस्तावहरु सोही दिन १६:०० बजे खोलिनेछ।

४. साथै सुचिकृत नभएका उत्पादक वा अधिकारिक बिक्रेता कम्पनीले सुचिकृत गराई उक्त शिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

५. पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यलय खुलेको दिन पेश गर्न सकिनेछ।

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाईकल | Air cooled four stroke gasoline system engine with engine displacement of range 150±(5) cc developing power and torque not less than 12 PS and 12 Nm respectively at the governed RPM Fuel injection type of fuel delivery system | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ। |

शिवेन्द्र कुमार मंडल

प्रमुख प्रशासकीय अधिकृत

शिवेन्द्र कुमार मण्डल

CamScanner